**राक्सिराङ्ग गाउँसभा**

**सोह्रौं (बर्षे) अधिवेशन**

**बैठक संख्या–२**

**गाउँसभाको सोह्रौं (बर्षे) अधिवेशनको दोश्रो बैठकमा प्रस्तुत "आगामी आर्थिक बर्ष २०८१/०८२ को लागि विनियोजन विधेयक,२०८१ माथि छलफल गरी पारित गर्ने" सम्वन्धी प्रस्ताव**

प्रस्ताव नं. :०२

मितिः २०८१/०३/१० गते सोमबार

ने.सं. ११४४ तछलागा ३, सोमवार

समय : दिनको १२:०० बजे

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सबै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विकासको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने कानूनी व्यवस्था र स्थानीय योजना तर्जुमा दिग्दर्शन बमोजिम स्थानीय तहले बार्षिक रुपमा विकासको बार्षिक कार्यक्रम, विनियोजन विधेयक गाउँसभामा पेश गर्नुपर्ने व्यवस्था गरेको हुँदा सम्मानित गाउँसभामा प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८१/०८२ को विनियोजन विधेयक, २०८१ गाउँसभामा पेश गरि आगामी आर्थिक बर्षको बार्षिक योजना तथा बजेट तर्जुमा गर्नुपर्ने भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम सबै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विकासको बार्षिक योजना बनाई लागू गर्नुपर्ने कानूनी व्यवस्था र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन बमोजिम स्थानीय तहले बार्षिक रुपमा विनियोजन विधेयक गाउँसभामा प्रस्तुत गर्न गाउँ कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने व्यवस्था अनुसार आगामी आर्थिक बर्ष २०८१/०८२ को लागि प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको विनियोजन विधेयक, २०८१ स्वीकृत गर्ने ।

# राक्सिराङ गाउँपालिकाको विनियोजन विधेयक, २०८१

प्रस्तावनाः राक्सिराङ गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम राक्सिराङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राक्सिराङ गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम

समेत गरी जम्मा रकम रु ५४,६१,७३,०००(चउन्न करोड एकसठ्ठी लाख तिरहत्तर हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त राक्सिराङ गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।